# नेपाल विद्युत नियमन आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** विद्युत उत्पादन, प्रसारण, वितरण तथा व्यापारलाई सरल, नियमित, व्यवस्थित तथा पारदर्शी बनाई विद्युतको माग र आपूर्तिमा सन्तुलन कायम राख्न, विद्युत महसुल नियमन गर्न, विद्युत उपभोक्ताको हक र हित संरक्षण गर्न, विद्युतको बजारलाई प्रतिस्पर्धात्मक बनाउन तथा विद्युत सेवालाई भरपर्दो, सर्वसुलभ, गुणस्तरयुक्त तथा सुरक्षित बनाउन नेपाल विद्युत नियमन आयोगको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नेपाल विद्युत नियमन आयोग ऐन, २०६५" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिन देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनुपर्छ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्न अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनुपर्छ।

(ग) "आयोग" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल विद्युत नियमन आयोग सम्झनुपर्छ।

(घ) "उपभोक्ता" भन्नाले विद्युत उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐनअर्न्तगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(च) "महसुल" भन्नाले विद्युत सेवा उपभोग गरे वापत उपभोक्ताले वितरण अनुमतिपत्र प्राप्त व्यक्तिलाई बुझाउनु पर्ने विद्युत मूल्य, महसुल, शुल्क तथा अन्य दस्तुर सम्झनुपर्छ।

(छ) "विद्युत" भन्नाले पानी, खनीज तेल, कोइला, ग्यास, सौर्य, वायु, आणविक, जैविक पदार्थ वा अन्य कुनै स्रोतबाट उत्पादन हुने विद्युत सम्झनुपर्छ।

(ज) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षसमेतलाई जनाउँछ।

## परिच्छेद-२

## आयोगको स्थापना तथा गठन

३. **आयोगको स्थापनाः** (१) विद्युत उत्पादन, प्रसारण, वितरण तथा व्यापारलाई नियमन गर्न नेपाल विद्युत नियमन आयोगको स्थापना गरिएको छ ।

(२) आयोगको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आवश्यकता अनुसार आयोगले विभिन्न जिल्लामा शाखा कार्यालय खोल्न सक्नेछ ।

४. **आयोग स्वशासित र संगठित संस्था हुनेः** (१) आयोग अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) आयोगको कामकारबाहीको निमित्त यसको एउटा छुट्टै छाप हुनेछ ।

(३) आयोगले व्यक्तिसरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) आयोगले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र सोउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) आयोगले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकारको प्रयोग र दायित्व निर्वाह गर्न सक्नेछ ।

५. **आयोगको गठनः** (१) नेपाल सरकारले उपदफा (२) बमोजिमको सिफारिस समितिको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एकजना अध्यक्ष र कम्तिमा एकजना महिला सहित चारजना सदस्य रहने गरी नेपाल विद्युत नियमन आयोगको गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित आयोगको अध्यक्ष तथा सदस्य नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछः-

(क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग - संयोजक

(ख) गभर्नर, नेपाल राष्ट्र बैंक - सदस्य

(ग) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(घ) नेपाल सरकारले मनोनीत गरेको विद्युत विज्ञ एकजना - सदस्य

(ङ) सचिव, जलस्रोत मन्त्रालय - सदस्य-सचिव ।

(३) उपदफा (२) बमोजिमको समितिले सदस्य नियुक्तिको लागि उम्मेदवार सिफारिस गर्ने प्रयोजनको लागि ईच्छुक उम्मेदवारलाई आवेदनसहितको व्यक्तिगत विवरण पेश गर्न कम्तीमा पन्ध्र दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्रकाशन गर्दा पर्याप्त आवेदन प्राप्त हुन नआएमा कम्तीमा सात दिनको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सूचना प्रकाशन गर्दा पनि पर्याप्त आवेदन प्राप्त नभएमा उपदफा (२) बमोजिमको सिफारिस समितिले उपयुक्त ठानेको व्यक्तिलाई सदस्यको नियुक्तिका लागि सिफारिस गर्नेछ ।

(६) उपदफा (३) र (४) बमोजिम प्रकाशित सूचना बमोजिम प्राप्त आवेदनको आधारमा उपयुक्त ठहरिएका व्यक्तिमध्येबाट उपदफा (२) बमोजिमको समितिले आवेदन प्राप्त भएको मितिले एक्काईस दिन भित्र अध्यक्षको हकमा तीनजना र सदस्यको हकमा रिक्त सदस्य संख्याको दोब्बर हुने गरी नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्नेछ । त्यसरी सिफारिस गर्दा सदस्यको हकमा दफा ६ बमोजिम प्रत्येक विधाको लागि छुट्टाछुट्टै व्यक्ति सिफारिस गर्नु पर्नेछ ।

तर एकै पटक एक जना भन्दा बढी एउटै विधाको व्यक्ति सदस्य हुन सक्ने गरी सिफारिस गर्न सकिने छैन ।

(७) उपदफा (२) बमोजिमको समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ । संयोजक र कम्तिमा दुईजना सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(८) उपदफा (२) बमोजिमको समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(९) उपदफा (२) बमोजिमको समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) उपदफा (२) बमोजिमको समितिको संयोजक तथा सदस्यको बैठक भत्ता नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

६. **योग्यता** : देहायको योग्यता पुगेको व्यक्ति अध्यक्ष वा सदस्य पदमा नियुक्त हुन योग्य मानिनेछः-

(क) अर्थशास्त्र, वाणिज्य शास्त्र, व्यवस्थापन, लेखा, कानून वा इन्जिनियरिङ विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ख) आर्थिक, वाणिज्य, व्यवस्थापन, लेखा, कानून वा इन्जिनियरिङ क्षेत्रमा कम्तीमा दश वर्ष काम गरी अनुभव हासिल गरेको ।

७. **अयोग्यताः** देहायको व्यक्ति सदस्यको लागि योग्य हुने छैन :-

(क) गैर नेपाली नागरिक,

(ख) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको,

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाई त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष पूरा नभएको,

(घ) प्रचलित कानून बमोजिम बैङ्क तथा वित्तीय संस्थाको कालोसूचीमा परी सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ङ) विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारमा संलग्न कुनै कम्पनी वा त्यस्तो कम्पनीको सहायक कम्पनी, फर्म वा संस्थाको संस्थापक, शेयर धनी, संचालक, लेखापरिक्षक, सल्लाहकार वा कर्मचारीको हैसियतमा संलग्न रहेको वा त्यस्तो हैसियतबाट अलग भई कम्तिमा तीन वर्षको अवधि व्यतित भई नसकेको,

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागी "शेयर धनी" भन्नाले सम्बन्धित कम्पनीको कम्तीमा एक प्रतिशत शेयरमा स्वमित्व रहेको व्यक्ति संझनु पर्छ ।

(च) विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धि कसूरमा सजांय पाई सजाय भोगेको मितिले तीन वर्षको अवधि पूरा नभएको ।

८. **पदावधि**: (१) सदस्यको पदावधि पाँच वर्षको हुनेछ र निजलाई पुनः एक पदावधिको लागि नियुक्ति गर्न सकिनेछ ।

(२) दफा १० बमोजिम कुनै सदस्यको पद रिक्त हुन आएमा सो पदमा बाँकी अवधिको लागि मात्र नियुक्ती गरिनेछ ।

९. **पदबाट हटाउन छानबीन समिति गठन गर्ने**: (१) कुनै सदस्य कार्य क्षमताको अभाव वा खराव आचरण भएको कारण आफ्नो पदमा रहन उपयुक्त छैन भन्ने नेपाल सरकारलाई लागेमा नेपाल सरकारले सो प्रयोजनको लागी छानबीन गर्न सर्वोच्च अदालतको अवकाश प्राप्त न्यायाधीशको अध्यक्षतामा एक सदस्यीय वा एक भन्दा बढी सदस्य रहेको एक छानबीन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको छानबीन समितिले आरोप लागेको सदस्यको सम्बन्धमा छानबीन गरी आफ्नो रायसहितको प्रतिवेदन नेपाल सरकारसमक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम छानबीन गर्दा त्यस्तो आरोप लागेको सदस्यलाई आफ्नो सफाई पेश गर्न मनासिव मौका दिइनेछ ।

(४) उपदफा (१) बमोजिम गठित छानबीन समितिले कुनै सदस्यलाई पदबाट हटाउन सिफारिस गरेमा नेपाल सरकारले त्यस्तो सदस्यलाई पदबाट हटाउनेछ ।

(५) यस दफा बमोजिम छानबीनको कारबाही प्रारम्भ भएपछि सो छानबीनको प्रतिवेदन सार्वजनिक नभएसम्म त्यस्तो आरोप लागेको सदस्य स्वतः निलम्वनमा रहेको मानिनेछ ।

(६) उपदफा (१) बमोजिम गठित छानबीन समितिका अध्यक्ष वा सदस्यको पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

१०. **पद रिक्त भएको मानिने**: देहायको अवस्थामा सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) नेपाल सरकारसमक्ष आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) दफा ६ बमोजिमको योग्यता नभएमा वा नरहेमा,

(ग) दफा ७ बमोजिम अयोग्य भएमा,

(घ) दफा ८ बमोजिमको पदावधि समाप्त भएमा,

(ङ) दफा ९ बमोजिम नेपाल सरकारले पदबाट हटाएमा,

(च) मृत्यु भएमा ।

११. **आयोगको बैठक**: (१) अध्यक्षले आयोगको बैठक तोकेको मिति, समय, र स्थानमा महिनाको कम्तीमा एकपटक बस्नेछ ।

(२) अध्यक्षले आयोगको बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित मध्ये वरिष्ठ सदस्यले आयोगको बैठकको अध्यक्षता गर्नेछ ।

**स्पस्टीकरण** : यस दफाको प्रयोजनको लागी "वरिष्ठ सदस्य" भन्नाले पहिले नियुक्ति हुने सदस्य संझनु पर्छ ।

(३) आयोगको बैठकमा तीनजना सदस्य उपस्थिति भएमा आयोगको बैठककोलागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) आयोगले बैठकमा आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३

## आयोगको काम, कर्तव्य र अधिकार

१२. **प्राविधिक व्यवस्थापन गर्ने** : विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार नियमन गर्न आयोगले प्राविधिक व्यवस्थापनसम्बन्धी देहायका कार्यहरु गर्नेछ :-

(क) राष्ट्रिय विद्युत प्रणालीको गुणस्तर तथा सुरक्षास्तर कायम राख्न नियमन गर्ने,

(ख) विद्युतको उत्पादन, प्रसारण, वितरण तथा आपूर्ति व्यवस्थालाई भरपर्दो र प्रभावकारी बनाउन आवश्यक नीति, कार्य योजना तयार गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) विद्युत सेवाको सञ्चालन तथा मर्मत सम्भारको स्तर तथा कार्यविधि निर्धारण गर्ने,

(घ) विद्युत सेवा बन्द गर्न सक्ने अवस्था, त्यसको आधार र प्राथमिकता निर्धारण गर्ने,

(ङ) विद्युत सेवा सम्बन्धी ग्रिडसंहिता, वितरणसंहिता वा अन्य सम्बद्ध कागजात स्वीकृत गर्ने,

(च) विद्युत सेवाको आन्तरिक माग आपूर्तिकोलागि लागत विस्तार कार्य योजनाअनुरुप भए-नभएको यकिन गर्न पुनरावलोकन गर्ने,

तर पच्चीस मेगावाटसम्मको जडित क्षमताको जलविद्युत उत्पादनमा यो खण्ड लागू हुने छैन ।

१३.. **महसुल निर्धारण गर्ने** : (१) आयोगले महसुल निर्धारण सम्बन्धमा देहाय बमोजिमको कार्य गर्नेछ :-

(क) सञ्चालन खर्च, ह्रासकट्टी दर, साँवा ब्याजको भुक्तानी, मर्मत सम्भार खर्च, विद्युत संरचनाको निर्माण, पुनर्निर्माण, पुनर्स्थापना तथा शेयर लगानीवापत वार्षिक रुपमा प्राप्त हुने प्रतिफललगायत विद्युत खरिद सम्झौतासमेतलाई विचार गरी विद्युत महसुल दर निर्धारणका शर्त तथा आधार तोक्ने,

(ख) विद्युतको थोक खरिद बिक्री दर निर्धारण गर्ने,

(ग) विद्युतको थोक बजार लागू नभएको अवस्थामा वितरण अनुमतिपत्र प्राप्त व्यक्ति र उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति वा व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति वा प्रचलित कानून बमोजिम नेपाल सरकारले स्थापना गरेको संगठित संस्थाबीच हुने विद्युत खरिदको प्रक्रिया निर्धारण गर्ने,

(घ) एकदेखि दश मेगावाटसम्मको जडित क्षमताको उत्पादन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको विद्युतको खरिद बिक्री दर र अन्य दस्तुरको अधिकतम सीमा निर्धारण गर्ने,

(ङ) उपभोक्ताले बुझाउनु पर्ने महसुल निर्धारण गर्ने,

(च) अनुमतिपत्र प्राप्त व्यक्तिबीच सम्पन्न हुने विद्युत खरिद सम्झौतामा सहमति दिने,

(छ) एकै क्षेत्रमा एकभन्दा बढी वितरण अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत वितरण गरेको अवस्थामा विद्युत महसुलको अधिकतम सीमा निर्धारण गर्ने,

(ज) विद्युत मूल्यको लागत न्यूनतम बनाउन आवश्यक उपायको पहिचान गरी त्यस्तो उपाय लागू गराउने,

(झ) प्रसारण तथा वितरण दस्तुर (व्हिलिङ चार्ज) निर्धारण गर्ने,

(ञ) विशेष परिस्थितिमा विद्युत सेवासँग सम्बन्धित विषयमा निश्चित समयको लागि विद्युत महसुलमा सरचार्ज निर्धारण गर्ने ।

(२) एक मेगावाटसम्मको जडित क्षमताको विद्युतको उत्पादन, प्रसारण वा वितरण गर्ने व्यक्ति वा संस्थाले निर्धारण गरेको विद्युत महसुल सम्बन्धमा चित्त नबुझ्ने कुनै उपभोक्ताको निवेदन पर्न आएमा सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी आयोगले महसुल निर्धारण गर्न सक्नेछ ।

(३) आयोगले उपदफा (१) वा (२) बमोजिम महसुल निर्धारण गर्दा सम्पूर्ण कागजात प्राप्त भएको मितिले साठी दिनभित्र निर्णय गरिसक्नु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम महसुल निर्धारण गरेपछि सोको जानकारीको लागि राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम महसुल निर्धारण भएको मितिले एक वर्षभित्र पुनः विद्युत महसुल निर्धारण गरिने छैन ।

१४. **विद्युत बजारमा प्रतिस्पर्धा कायम गर्ने तथा उपभोक्ताको हित संरक्षण गर्ने**: आयोगले विद्युत बजारमा प्रतिस्पर्धा कायम गर्न तथा उपभोक्ताको हित संरक्षण गर्न देहायका कार्य गर्नेछः-

(क) उपभोक्ता तथा अनुमतिपत्र प्राप्त व्यक्तिको हित संरक्षणको लागि आवश्यक व्यवस्था गर्ने,

(ख) विद्युत खरिद बिक्रीको दरमा प्रतिस्पर्धाको वातावरण कायम गराउने,

(ग) अनुमतिपत्र प्राप्त संगठित संस्थाहरुबीच विद्युत महसुल दरमा प्रतिस्पर्धा गराउन आवश्यक उपायको पहिचान गरी त्यस्ता उपाय लागू गराउने,

(घ) विद्युत महसुल दरमा एकाधिकार हुन नपाउने व्यवस्था गर्ने,

(ङ) विद्युतको थोक वजार स्थापना, सञ्चालन तथा खरिद बिक्री प्रक्रिया निर्धारण गर्ने,

(च) अनुमतिपत्र प्राप्त व्यक्तिबीच गाभिन (मर्जर), आपसमा मिल्न, एक्लै वा आफ्नो सहायक कम्पनीसँग मिलि त्यस्तो व्यक्ति रहेको कम्पनीको पचास प्रतिशत वा सो भन्दा बढी शेयर खरिद गर्न, संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट), प्राप्ति (एक्वीजिशन) वा ग्रहण गर्न (टेक ओभर) नियमन गर्ने,

(छ) विद्युतको व्यापार गर्दा पालना गर्नुपर्ने शर्तहरु तोक्ने तथा सोको नियमित रुपमा अनुगमन गर्ने,

(ज) प्रसारण लाईनमा बहिरहेको विद्युतको जाँच गरी गुणस्तर कायम गराउने,

(झ) पूर्व सूचना नदिई विद्युत सेवा अवरुद्ध गराएमा त्यस्ता अनुमतिपत्र प्राप्त विद्युत वितरक तथा प्रसारकलाई जरिवाना गरी सोबाट उपभोक्तालाई पर्न गएको हानी नोक्सानीको क्षतिपूर्ति दिलाउने ,

(ञ) अनुमतिपत्र प्राप्त व्यक्तिलाई उपभोक्ताको हितको लागि उत्प्रेरक गर्ने,

(ट) अनुमतिपत्र प्राप्त व्यक्ति तथा उपभोक्तालाई परेको पिरमर्कामा आवश्यक सल्लाह र सुझाव दिने ।

१५. संगठनात्मक क्षमता अभिवृद्धि गर्ने: (१) आयोगले अनुमतिपत्र प्राप्त व्यक्तिको संगठनात्मक क्षमता अभिवृद्धि गरी संगठीत सुशासन कायम गराउन देहाय बमोजिमको कार्य गर्नेछ :-

(क) अनुमतिपत्र प्राप्त व्यक्तिको कार्यक्षमता मूल्याङ्कनको स्तर तथा आधार निर्धारण गर्ने,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले पेश गरेको वार्षिक प्रतिवेदनको अध्ययन गरी त्यसमा आवश्यक निर्देशन दिने,

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिको काम कारबाहीमा एकरुपता ल्याउन आचार संहिता तयार गरी लागू गर्ने,

(घ) अनुमतिपत्र प्राप्त व्यक्तिलाई विद्युतको बजार प्रवर्द्धन, विस्तार तथा विविधीकरण गर्न उत्प्रेरित गर्ने,

(ङ) अनुमतिपत्र प्राप्त व्यक्तिको आन्तरिक नियन्त्रण, लेखा प्रणाली, लेखापरीक्षण विधिमा एकरुपता कायम गर्ने,

(च) अनुमतिपत्र प्राप्त व्यक्तिको संचालक समितिका पदाधिकारी तथा अन्य पदाधिकारीले त्यस्तो संस्थालाई जानकारी गराउनु पर्ने विषय कडाइका साथ पालना गर्न लगाउने,

(छ) अनुमतिपत्र प्राप्त व्यक्तिले पेश गरेको वार्षिक तथा लेखापरीक्षण प्रतिवेदनको साराँश सार्वजनिक गर्न लगाउने,

(ज) अनुमतिपत्र प्राप्त व्यक्तिको लेखा प्रणालीको आकस्मिक जाँच गर्ने ।

(२) आयोगका अध्यक्ष तथा सदस्यले आफू पदमा वहाल भएको सात दिन भित्र देहायको कुराहरु लिखित रुपमा आयोगलाई जानकारी गराउनु पर्दछः-

क) आयोगको कारोबारसँग सम्बन्धित कुनै प्रकारको खरीद विक्री वा अन्य प्रकारको ठेक्का पट्टामा आफू वा आफ्नो नजिकको नातेदारको प्रत्यक्ष संलग्नता भएमा वा कुनै किसिमको निजी स्वार्थ भएमा,

**<u>स्पष्टीकरणः</u>** यस खण्डको प्रयोजनको लागि "प्रत्यक्ष संलग्नता" भन्नाले संचालक वा निजको नजिकको नातेदार संस्थापक रहेको वा एक प्रतिशत भन्दा बढी शेयर लिएको आयोग वा प्राइभेट फर्म वा साझेदारी फर्म वा त्यस्तो कारोबारमा संलग्न कम्पनीको संचालक रहेको अवस्था समेतलाई सम्झनु पर्छ ।

(ख) कुनै पनि फर्मको कम्पनी वा संचालक भए वा नभएको,

(ग) कुनै सरकारी वा गैर सरकारी संस्था वा निकायको कुनै पदमा वहाल रहे वा नरहेको,

(घ) विद्युत उत्पादन, प्रशारण वितरण वा व्यापार गर्न अनुमति पत्र प्राप्त कुनै कम्पनी वा फर्ममा आफ्नो वा आफ्नो एकासगोलको परिवारको नाममा कुनै किसिमको शेयर वा डिवेन्चर रहेको नरहेको,

(ङ) आयोगसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै किसिमको स्वार्थ रहेको वा नरहेको ।

१६. **नीतिगत सुझाव दिने तथा सिफारिस गर्ने**: (१) विद्युतसम्बन्धी नीतिगत तथा विद्युत क्षेत्रको सुधार सम्बन्धमा आयोगले नेपाल सरकारलाई आवश्यक सल्लाह र सुझाव दिनेछ ।

(२) व्यापार अनुमतिपत्र जारी गर्न उपयुक्त देखिएमा आयोगले सो सम्बन्धमा अनुमतिपत्र जारी गर्ने अधिकारीसमक्ष नीतिगत सिफारिस गर्नुपर्नेछ ।

१७. **जाँचबुझ तथा निरीक्षण गर्ने**: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, प्रचलित कानून वा अनुमतिपत्र प्रदान गर्दा निर्धारण गरिएका शर्त बमोजिम कार्य गरे नगरेको सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ तथा निरीक्षण गर्न वा गर्न लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको जाँचबुझ तथा निरीक्षणको प्रतिवेदन तयार गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदनको आधारमा आयोगले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिएको आदेश तथा निर्देशन पालन गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ । यसरी दिएको आदेश तथा निर्देशन पालन नगरेमा आयोगले दफा १९ को उपदफा (१) बमोजिम सजाय गर्न वा प्रचलित कानून बमोजिम सजाय गर्न अधिकार प्राप्त अधिकारीसमक्ष सिफारिस गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सिफारिस भई आएमा अधिकार प्राप्त अधिकारीले समेत त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिलाई प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नु पर्नेछ ।

१८. **विवाद समाधान गर्ने**: (१) आयोगले देहायको विषयमा उत्पन्न विवाद समाधान गर्ने अधिकार हुनेछः

(क) अनुमतिपत्र प्राप्त व्यक्तिहरु बीच उत्पन्न विद्युत सम्बन्धि विवाद,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको कुनै निर्णयमा चित्त नबुझेको वा त्यस्तो व्यक्तिको काम कारबाहीबाट मर्का परेको भनी कुनै उपभोक्ताले आफूलाई चित्त नबुझेको वा मर्का परेको कुरा उल्लेख गरी सो वापतको क्षतिपूर्तिको दावी गरेको विषय ।

(२) उपदफा (१) बमोजिमको विवाद उपर उजूरी परेको मितिले नब्बे दिनभित्र सुनुवाइ गरी आवश्यक निर्णय वा आदेश दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पर्न आएको उजुरीको कारबाही गर्दा आयोगलाई देहाय बमोजिमको कार्य गर्न प्रचलित कानून बमोजिम अदालतलाई भए सरह अधिकार हुनेछ :-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान वा जानकारी लिने,

(ख) साक्षी बुझ्ने,

(ग) नेपाल सरकार तथा सार्वजनिक संस्थामा रहेको कुनै लिखत कागजात पेश गर्न आदेश दिने,

(घ) स्थलगत निरीक्षण गर्ने गराउने, दसी प्रमाण पेश गर्न आदेश दिने ।

(४) आयोगले उपदफा (२) बमोजिम गरेको निर्णय वा आदेशमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय वा आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादन, प्रसारण वितरण वा व्यापार सम्बन्धी विषयमा सम्बन्धित पक्ष बीच भएको सम्झौतामा विवाद समाधानको छुट्टै व्यवस्था गरिएको रहेछ भने त्यस्तो विषयमा सोही बमोजिम हुनेछ ।

१९. **जरिवाना गर्न सक्ने** : (१) आयोगले दफा १७ बमोजिम दिएको निर्देशन पालन नगर्ने अनुमतिपत्र प्राप्त व्यक्तिलाई बढीमा पांचलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिलाई गरिएको जरिवानाको रकम महसुल निर्धारण गर्ने प्रयोजनको लागि खर्च वा लगानीको रुपमा समावेश गर्न पाइने छैन ।

२०. **सेवा शुल्क लिन सक्ने :** आयोगले देहायका विषयमा तोकिए बमोजिम सेवा शुल्क लिन सक्नेछ :-

(क) ग्रिड र वितरण संहिता स्वीकृत गर्ने,

(ख) विद्युतको थोक खरिद बिक्री दर निर्धारण गर्ने,

(ग) विद्युत खरिद सम्झौतामा सहमति दिने,

(घ) व्हिलिङ दस्तुर, जडान दस्तुर, विद्युत प्रणाली सुधार तथा वृद्धि दस्तुर लगायत अन्य दस्तुर निर्धारण गर्ने,

(ङ) अनुमतिपत्र प्राप्त व्यक्तिहरु आपसमा गाभिदा, संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट) तथा प्राप्ति (एक्वीजिशन) वा ग्रहण गर्ने (टेक ओभर) नियमन गर्ने,

(च) दफा १८ बमोजिम विवाद समाधान गर्ने,
तर गार्हस्थ उपभोक्ताले उजुरी दिंदा कुनै शुल्क बुझाउन पर्ने छैन,

(छ) आयोगले तोकेको अन्य विषयमा ।

२१. **सार्वजनिक सुनुवाइ गर्नुपर्नेः** आयोगले महसुल निर्धारण गर्नु पूर्व तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ र आवश्यकतानुसार अन्य विषयमा पनि सार्वजनिक सुनुवाइको व्यवस्था गर्न सक्नेछ ।

२२. **उपभोक्ताको प्रतिनिधित्वसम्बन्धी व्यवस्थाः** अनुमतिपत्र प्राप्त व्यक्तिको काम कारवाहीबाट उपभोक्तालाई हानी नोक्सानी एवं मर्का पर्न गई सो विषयमा उजुरी, पैरवीसमेतका उपभोक्ताको

तर्फबाट गर्नु पर्ने कार्यको लागि आयोगले प्रतिस्पर्धाको माध्यमबाट कुनै गैरसरकारी संस्थालाई काममा लगाउनु पर्नेछ ।

२३. **<u>पुनरावलोकनसम्बन्धी व्यवस्था</u>**ः (१) कुनै व्यक्ति वा संस्थाले आयोगको निर्णयमा कुनै सुधार गर्न आवश्यक देखेमा त्यस्तो निर्णयको जानकारी हुन आएको मितिले पन्ध्र दिनभित्र पुनरावलोकनको लागि आवश्यक कागजातसहित आयोगमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा आयोगले आफ्नो साविकको निर्णय कार्यान्वयन नगर्न आदेश दिन सक्नेछ ।

(३) यस दफा बमोजिम निवेदन परेको मितिले दश दिनभित्र आयोगले साविकको निर्णय कायम राख्ने वा संशोधन गर्ने निर्णय गरिसक्नु पर्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र प्राप्त व्यक्तिले गलत कागजात पेश गरेको वा कुनै कागजात लुकाएको जानकारी जुनसुकै स्रोतबाट प्राप्त हुन आएमा वा थप कागजात प्राप्त हुन आएमा आयोगले सो विषयमा पुनः निर्णय गर्न सक्नेछ ।

## परिच्छेद-४

## <u>अध्यक्ष र सदस्यको काम, कर्तव्य, अधिकार तथा सुविधा</u>

२४. **<u>अध्यक्षको काम, कर्तव्य तथा अधिकार</u>**ः अध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगको काम कारबाहीमा नियमन, अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,

(ख) आयोगको बैठकलाई नियमन गर्ने,

(ग) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

२५. **<u>अध्यक्षको तथा सदस्यको सेवा शर्त तथा सुविधाः</u>** (१) अध्यक्ष आयोगको पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछन् ।

(३) उपदफा (२) बमोजिमको व्यवस्था नभएसम्म अध्यक्षको पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(४) आयोगको बैठकमा भाग लिए बापत सदस्यले तोकिए बमोजिम बैठक भत्ता पाउनेछ ।

(५) सदस्यले आफू आयोगमा कार्यरत रहँदा कुनै अनुमतिपत्र प्राप्त व्यक्तिसँग सम्बन्धित विषयमा कुनै निर्णय गरेको अवस्थामा आयोगबाट सेवा निवृत्त भएको मितिले एक वर्षसम्म त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिमा कुनै पनि रुपमा संलग्न हुन पाउने छैन ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि “संलग्न” भन्नाले संचालक, कर्मचारी, विशेषज्ञ वा परामर्शदातृको रुपमा स्थायी, अस्थायी, करार तथा सम्झौतामा कार्य गर्ने अवस्थालाई जनाउनेछ ।

२६. **सदस्यको काम, कर्तव्य र अधिकार** : सदस्यको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगको निर्णयानुसार आफूलाई तोकिएको काम, कर्तव्य र जिम्मेवारी वहन गर्ने,

(ख) अध्यक्षले तोकिदिए बमोजिमको अन्य कार्य गर्ने ।

## परिच्छेद-५

## आयोगको सचिवालय तथा कर्मचारी

२७. **आयोगको सचिवालय** : (१) आयोगको दैनिक कार्य सञ्चालनको लागि एक सचिवालय रहनेछ ।

(२) आयोगको प्रशासकीय प्रमुखको रुपमा सचिव रहनेछ ।

(३) अर्थशास्त्र, वाणिज्य शास्त्र, व्यवस्थापन, इन्जिनियरिङ वा लेखा विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्ष काम गरेको व्यक्तिलाई आयोगले सचिवको पदमा तोकिए बमोजिम नियुक्ति गर्नेछ ।

(४) सचिवको पदावधि पांच वर्षको हुनेछ ।

२८. **आयोगका कर्मचारी सम्बन्धी व्यवस्था :** (१) आयोगको कार्य संचालनको लागी आयोगमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) आयोगले आफ्नो कार्य सम्पादन गर्नको लागि आवश्यक कर्मचारी करारमा नियुक्त गर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले निश्चित संख्यामा तोकिए बमोजिम स्थायी कर्मचारी नियुक्ति गर्न सक्नेछ र त्यस्ता कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगको कर्मचारीको नियुक्ति नभएसम्मको लागि नेपाल सरकारले आयोगको अनुरोधमा नेपाल सरकारका कर्मचारीलाई आयोगमा काम गर्नको लागि अवधि तोकी काजमा खटाउन सक्नेछ ।

## परिच्छेद-६

## कोष तथा लेखा परीक्षणसम्बन्धी व्यवस्था

२९. **आयोगको कोष** : (१) आयोगको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार, व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) दफा १९ बमोजिम जरिबाना बापत प्राप्त रकम,

(घ) वितरण अनुमतिपत्र प्राप्त व्यक्तिको विद्युत बिक्रीबाट वार्षिक कुल आयको बढीमा एक प्रतिशतका दरले प्राप्त रकम,

(ङ) विद्युत व्यापार गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत व्यापार गरेवापत वार्षिक कुल आयको बढीमा एक प्रतिशतका दरले प्राप्त रकम,

(च) राष्ट्रिय ग्रिड प्रयोग गरी विद्युत निकासी गरेकोमा व्हिलीङ्ग दस्तुरको बढीमा एक प्रतिशतका दरले प्राप्त रकम,

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नुअघि आयोगले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) आयोगको कोषको रकम कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) आयोगको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(५) आयोगको कोषको खाताको सञ्चालन आयोगले तोके बमोजिम हुनेछ ।

३०. **लेखा र लेखापरीक्षण :** (१) आयोगको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) आयोगले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम राख्नु पर्नेछ र आफ्नो आय-व्ययको लेखा परीक्षण गराउनु पर्नेछ ।

(३) आयोगको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) नेपाल सरकारले चाहेमा आयोगको आय-व्ययको लेखा र तत्सम्बन्धी हिसाब किताब जुनसुकै बखत जाँच्न र जचाँउन सक्नेछ ।

## परिच्छेद-७

## विविध

३१. **सहयोग गर्नुपर्ने:** आयोगको कामकारबाही तथा निर्णय कार्यान्वयन गर्न सबैले आवश्यक सहयोग गर्नु पर्नेछ ।

३२. **उपसमिति वा कार्यटोली गठन गर्नसक्ने :** (१) आयोगले यस ऐन बमोजिम गर्नुपर्ने कुनै कामको लागि आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार र कार्यविधि तथा त्यस्तो उपसमिति वा कार्यटोलीका सदस्यले पाउने सुविधा आयोगले तोकिदिए बमोजिम हुनेछ ।

३३. **पुनरावेदन** : दफा १९ बमोजिम आयोगले गरेको जरिबाना उपर चित्त नबुझ्ने अनुमतिपत्र प्राप्त व्यक्तिले यस्तो जरिबाना भएको मितिले पैतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

३४. **निर्देशन दिन सक्ने** : यस ऐन बमोजिमका कार्यहरु कार्यान्वयन गर्न आयोगले आवश्यकता अनुसार अनुमति प्राप्त व्यक्तिलाई निर्देशन दिनेछ र त्यस्तो निर्देशन कार्यान्वयन गर्नु सम्बन्धित अनुमति प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

३५. **निर्देशिका बनाई लागू गर्ने** : आयोगले आफ्नो कामको सिलसिलामा आवश्यकता अनुसार निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

३६. **वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्ने** : (१) आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफूले गरेको कामकारबाही सम्बन्धी प्रतिवेदन तयार गरी नेपाल सरकारसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिएको प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त आयोगले वर्षभरिमा सञ्चालन गरेको कार्यक्रम, प्राप्त गरेको रकम, कार्यक्रम सञ्चालन गर्दा हुन गएको लागत, कार्यक्रमबाट भएको उपलब्धि तथा भविष्यमा गर्नुपर्ने सुधारसमेतका कुराहरु समावेश गर्नुपर्नेछ ।

३७. **अधिकार प्रत्यायोजन:** आयोगले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये महसुल निर्धारण गर्ने, अनुमतिपत्र प्राप्त व्यक्तिबीच विलय (मर्जर), संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट), प्राप्ति (एक्वीजिशन) वा ग्रहण गर्न (टेक ओभर) नियमन गर्ने तथा विवाद समाधान गर्ने अधिकार बाहेकका अन्य अधिकार आवश्यकतानुसार दफा ३२ बमोजिम गठित उपसमिति वा कार्यटोली, सचिव वा आयोगको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३८. **शपथ ग्रहण गर्नु पर्ने:** आफ्नो पदीय कार्यभार सम्हाल्नु अघि अध्यक्षले प्रधान न्यायाधीश समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूचीमा लेखिए बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नुपर्नेछ ।

३९. **नेपाल सरकारसँग सम्पर्क** : आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा जलस्रोत मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

४०. **नियम तथा विनियम बनाउने अधिकार** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि आयोगले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

(२) यस ऐन र सो ऐन अर्न्तगत बनेको नियम विपरीत नहुने गरी आयोगले देहायका विषयमा आवश्यक विनियम बनाई लागू गर्न सक्नेछः–

(क) कर्मचारीको काम, कर्तव्य, अधिकार, योग्यता, पारिश्रमिक तथा सेवाको शर्त र सुविधा सम्बन्धमा,

(ख) विवाद समाधानको लागि उजूरी गर्ने तथा त्यस्तो उजूरीमा निर्णय गर्ने कार्यविधि सम्बन्धमा,

(ग) गैरसरकारी संस्थालाई काममा लगाउने सम्बन्धमा,

(घ) अन्य आवश्यक विषयमा ।

तर पारिश्रमिक तथा सुविधा सम्बन्धि विषयमा विनियम बनाउंदा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

४१. **खारेजी र बचाउः** विद्युत महसुल निर्धारण नियमावली, २०५० खारेज गरिएको छ र सो नियमावली बमोजिम निर्धारण भएको विद्युत महसुल यसै ऐनबमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची

**(दफा ३८ सँग सम्बन्धित)**

## शपथ

म ............................................ ईश्वरलाई साक्षी राखी/सत्य निष्ठा पूर्वक शपथ लिन्छु कि नेपाल विद्युत नियमन आयोगको अध्यक्ष/सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारीसाथ पालन गर्नेछु । आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक आफु पदमा बहाल रहे वा नरहे पनि कुनै पनि अवस्थामा प्रकट गर्ने छैन ।

मितिः ............................ हस्ताक्षर.

.................................